REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 09.07.2025

## Lama-Scindia- Rijiju

राज्यका धर्म, जनस्वास्थ्य अभियान्त्रिकी तथा जल संसाधन मन्त्री सोनाम लामाले आज नयाँ दिल्लीमा केन्द्रीय मन्त्री ज्योतिरादित्य सिन्धिया अनि किरेन रिजिजुलाई छुट्टाछुट्टै भेट गर्नुभयो।

मन्त्री श्री लामाले केन्द्रीय सञ्चार तथा पूर्वोत्तर क्षेत्र विकास मन्त्री ज्योतिरादित्य सिन्धियासित भेटका क्रममा राज्यमा सञ्चार पूर्वाधारको विस्तार, कनेक्टिभिटी सुधार अनि सिक्किममा सञ्चालित अनि भविष्यमा सञ्चालन हुने विकास परियोजनाहरूबारे छलफल गर्नुभयो।

आज नै मन्त्री श्री लामा र केन्द्रीय संसदीय मामिला मन्त्री किरेन रिजिजुमाझ भएको भेटवार्तामा राज्य र केन्द्र सरकार बीचको समन्वयलाई सुदृढ पार्ने विषयमा चर्चा भयो। उहाँहरूले विशेष रूपमा धार्मिक, सांस्कृतिक र विकासमूलक पहलहरू विषय चर्चा गर्नुभयो। छलफलमा सिक्किमको अद्वितीय सांस्कृतिक सम्पदाको संबर्द्धन र विकासका लागि सहकार्य गरिनुपर्ने विचार दुवै नेताले प्रकट गर्नुभयो।

## Kailash Mansarovar Yatra

सिक्किमको नाथूला मार्ग भएर कैलाश मानसरोवर यात्राको पाँचौं समुह आज गान्तोक आउँदैछ। यो समुह आज बिहान दिल्लीबाट हवाईमार्गद्वारा सिक्किमका लागि प्रस्थान भएको थियो। यस समुहमा 49 जना सामेल छन्, जसमा 42 जना तीर्थयात्री, दुईजना सम्पर्क अधिकारी अनि एकजना आईटीबीपी डाक्टर रहेका छन्। यसका अतिरिक्त चारजना सहायक कर्मचारी गान्तोकबाट सामेल हुने बताइएको छ।

## Peace Clubs

राज्यका 50 वटा वरिष्ठ उच्चतर माध्यमिक विद्यालयहरूमा पीस क्लबको स्थापना भएका छन्। विश्व शान्तिका लागि काम गर्दै आएको अन्तर्राष्ट्रिय संगठन युनिभर्सल पीस फेडेरेसन युपीएफ अनि शिक्षा विभागको सकार्यमा राज्य स्थापनाको स्वर्णिम वर्षको उपलक्ष्यमा चयन गरिएका पचासवटा विद्यालयहरूमा पीस क्लबको स्थापना भएको हो।

पीस क्लबहरूलाई लिएर आसाम लिङ्जेको सिकोन भवनमा सम्पन्न दुई दिवसीय कार्यशाला आज सम्पन्न भयो। कार्यशालाको उद्घाटन मङ्गलबार शिक्षा मन्त्री राजु बस्नेतले गर्नुभएको थियो। यस अवसरमा विधानसभा उपाध्यक्ष राजकुमारी थापा, सांसद डा. इन्द्रहाङ सुब्बा, युपीएफ सिक्किमका अध्यक्ष गर्जमान गुरुङ, युपीएफ दक्षिण एसिया निर्देशक कृष्ण अधिकारी लगायत अन्यको उपस्थिति रहेको थियो। कार्यशालामा सम्बन्धित स्कूलका विद्यार्थी र शिक्षकहरूले सहभागिता जनाएका थिए।

उद्घाटन सत्रलाई सम्बोधन गर्दै उपाध्यक्ष राजकुमारी थापाले शान्ति निर्माणको पहल युवाहरूबाट सुरु हुनुपर्छ भन्नुभयो। उहाँले पीस क्लबको पहललाई केवल एउटा कार्यक्रम मात्र नभएर  जिम्मेवार, स्नेही र दूरदर्शी नागरिकहरूको नयाँ पुस्तालाई हुर्काउने आन्दोलन हो भन्नुभयो।
यसरी नै, मन्त्री राजु बस्नेतले सुनौलो सिक्किमको जग शान्ति र चारित्रिक शिक्षामा आधारित छ भन्नुभयो।

## Self Help Groups

सिक्किमका विभिन्न क्षेत्रका स्वयंसहायता समूहका बाह्रजना नेतृत्वलाई हालै राज्य सरकारले अध्यक्ष एवम् विशेष कार्य अधिकारी ओएसडीको दायित्व सुम्पिएकोमा समुहहरूले राज्य सरकार विशेषगरी मुख्यमन्त्री प्रेमसिंह तामाङप्रति कृतज्ञता प्रकट गरेका छन्। आज एक पत्रकार सम्मेलनमा उनीहरूले यी नियुक्तिहरू केवल स्वयंसहायता समूहका बाह्रजना नेताहरूका लागि मात्र ठूलो सम्मान नभएर यो ऐतिहासिक पहल राज्यका विभिन्न स्वयं सहायता समूहहरूसँग सम्बन्धित 55 हजारभन्दा धेरै महिला अनि देश र विश्वभरिका स्वयंसहायता समूहहरूसँग आबद्ध भएर काम गर्ने सबै महिलाको सम्मान भएको बताए।
स्मरण रहोस्, राज्य सरकारले हालै ११ जना स्वयंसहायता समूहका नेतालाई विभिन्न विभागका अध्यक्ष र ०१ जनालाई विशेष कार्य अधिकारी ओएसडी नियुक्त गरेको थियो।

## Weather

बितेको जून महिनामा सिक्किम राज्यमा अपेक्षा विपरीत कम वर्षा भएको स्थानीय मौसम विज्ञान विभागले जनाएको छ। विभागले जारी गरेको जून महिनाको मासिक रिपोर्ट अनुसार सिक्किममा 272 दशमलव 5 मिलिमिटर वर्षा भएको छ जो सामान्य भन्दा लगभग 38 प्रतिशत कम रहेको छ। सामान्यतः जून महिनामा सिक्किममा 438 दशमलव 2 मिलिमिटर वर्षा अपेक्षित थियो। रिपोर्ट अनुसार गान्तोक जिल्लामा 40 प्रतिशत, मंगनमा 44 प्रतिशत, पाकिममा 17 प्रतिशत, नाम्चीमा 6 प्रतिशत अनि गेजिङ जिल्लामा 40 प्रतिशत कम वर्षा भएको छ भने सोरेङ जिल्लामा सामान्यभन्दा 5 प्रतिशत अधिक वर्षा रेकर्ड भएको छ। यसरी नै जून महिनाको 13 तारिक राजधानी गान्तोकमा सबैभन्दा गर्मी दिन रेकर्ड भएको छ जसको तापमान 27 दशमलव 8 डिग्री सेल्सिएस रेकर्ड गरिएको थियो भने सबैभन्दा जाडो दिन 5 जूनको दिन 15 दशमलव 5 डिग्री सेल्सियस रेकर्ड भएको थियो।
यसरी नै बितेको 24 घण्टामा गान्तोक तथा वरिपरीको अधिकतम तापमान 20 दशमलव 6 डिग्री सेल्सियस रेकर्ड गरियो भने न्यूनतम तापमान 18 दशमलव 2 डिग्री सेल्सियस रेकर्ड गरियो। वर्षा 3 दशमलव 9 मिलिमिटर रेकर्ड भएको छ।